
# धानचरी र जलपरी



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

संस्करण : २०७४

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआईडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

# धानचरी र जलपरी




लेखन
ध्रुव घिमिरे

चित्र
रिड मिडिया

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र


दुई साथी थिए ।

एउटी धानचरी, अर्की जलपरी ।





धानचरी दुलामा बस्थी ।
जलपरी पानीमा बस्थी ।



जलपरी धानचरीको घर जान्थी ।
धानचरी जलपरीको घर जान
डराउँथी ।



धानचरी राती राती गाउँ जान्थी ।
जलपरी राती राती गीत गाउँथी ।

धानचरी धान खान्थी कुट्, कुट्, कुट् । जलपरी गीत गाउँथी ट्यार्र, टुर्र, टुर् ।






उनीहरू दिनभरि सँगै खेल्थे ।
कहिले लुकामारी र कहिले छोई ।

दौडी खेल्दा धानचरी पहिलो हुन्थी ।
उफ्री खेल्दा जलचरी पहिलो हुन्थी ।




उनीहरूको एउटा शत्रु थियो ।
त्यसको नाम लामकिरी थियो ।





लामकिरी उनीहरूलाई खान
खोज्थ्यो । उनीहरू लुकेर ज्यान
बचाउँथे ।



एकदिन उनीहरू खेल्दै थिए ।
धानचरीले लामकिरीलाई देखी ।


"साथी ! साथी ! ऊ लामकिरी ।
हामीलाई खान आउँदै छ ।"
धानचरीले भनी ।






"खै कहाँ छ लामकिरी ?" जलपरीले सोधी ।


"ऊ नजिकै आइसक्यो । छिटो भाग । म त घरतिर भागेँ ।" उसले भनी ।



जलपरीले लामकिरीलाई बल्ल देखी। ऊ उफ्रेर हिलामा गई। हिलोभित्र लुकेर बसी।



लामकिरीले दुवैलाई भेटेन। ऊ फर्कियो। धानचरी पनि दुलाबाट निस्की।



"साथी ! बाहिर आऊ", धानचरीले बोलाई । जलपरी भने बाहिर आएकी छैन । धानचरी उसलाई पर्खी बसेकी छे ।